# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, भदौ २८ गते, २०७९ साल (अतिरिक्ताङ्क २५

## भाग ३

गण्डकी प्रदेश सरकार

**शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको सूचना**

**अपाङ्गता सम्बन्धी प्रादेशिक नीति, २०७९**

१. **पृष्ठभूमि**

वि.सं.२०७२ मा जारी भएको नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिको लागि संरक्षण, सशक्तीकरण र विकासको आधार तयार गर्दै समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्त अनुरूप विभेदरहित र न्यायपूर्ण समाजको परिकल्पना गरेको छ। नि:शुल्क शिक्षा, ब्रेल तथा साङ्केतिक भाषामा शिक्षा, समावेशी सिद्धान्तका आधारमा राज्यका विभिन्न निकायमा सहभागिता, अपाङ्गताका आधारमा गरिने भेदभावलाई दण्डनीय बनाइएको, प्रतिनिधि सभा तथा प्रदेश सभाका लागि हुने समानुपातिक निर्वाचन

प्रणालीमा प्रतिनिधित्वको व्यवस्था गरिएको, राष्ट्रिय सभामा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व हुनुपर्ने लगायत राष्ट्रिय समावेशी आयोगमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व गराउनुपर्ने जस्ता महत्वपूर्ण प्रावधान संविधानमा उल्लेख गरिएको छ ।

अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा सबै मानवअधिकारको उपयोग निर्बाध गराउन बाध्यकारी कानून ल्याउनुपर्ने तथ्यलाई मध्यनजर गरी सन् २००६ मा संयुक्त राष्ट्रसङ्घले "अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि" पारित गरी ३ मे, २००८ देखि विश्वव्यापी रूपमा लागू भएको छ। नेपालले उक्त महासन्धिलाई २००९ को डिसेम्बर २७ मा अनुमोदन गरी पक्ष राष्ट्र भएसँगै अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय प्रतिबद्धता समेत व्यक्त गरेको छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकारका लागि उनीहरूको छुट्टै महासन्धि विश्वव्यापी रूपमा जारी भएसँगै अधिकार संरक्षण र सम्बर्द्धनमा नयाँ आयाम थपिएको पाइन्छ । महासन्धिको कार्यान्वयनलाई मुख्य उद्देश्य बनाएर एसिया तथा प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक आयोग (युएन स्क्याप) ले सन् २०१३ देखि २०२२ सम्मको लागि दश वटा प्रमुख लक्ष्य, सत्ताइस वटा मुख्य अपेक्षित उपलब्धि र चौसठ्ठी वटा मापन योग्य सूचकसहितको दश वर्षे क्षेत्रीय रणनीतिको रूपमा इन्च्योन रणनीति घोषणा गरिएको छ । युएन स्क्यापको सदस्य राष्ट्रको हैसियतले नेपालले यस रणनीतिको कार्यान्वयनमा आफ्नो पूर्ण प्रतिबद्धता सहित सहभागिता जनाउँदै आएको छ ।

दिगो विकासको लागि सन् २०१६ देखि २०३० सम्म हासिल गरिने विश्वव्यापी विकास लक्ष्यलाई समेटेर संयुक्त राष्ट्रसंघले जारी गरेको दिगो विकासका लक्ष्य अर्थात एजेण्डा २०३० ले अपाङ्गता भएका व्यक्तिलाई मुख्य लाभग्राही सूचीमा राखेको कारणले यसका हरेक लक्ष्यसँग अपाङ्गताका सवाल कुनै न कुनै रूपमा जोडिन्छन् भने लक्ष्य ४, ८, १०, ११ र १७ ले अपाङ्गता भएका व्यक्तिलाई प्रत्यक्ष रूपमा सम्बोधन गरेको छ ।

संयुक्त राष्ट्रसङ्घले सन् १९८१ लाई अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय वर्ष घोषणा गरेसँगै नेपालमा "अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९" लागू गरेर अपाङ्गताको सवालमा सरकारी अग्रसरताको सुरुवात भएको हो । "नेपाल अधिराज्यको संविधान, २०४७" मा पहिलो पटक अपाङ्गता भएका व्यक्तिका अधिकारलाई राज्यका निर्देशक सिद्धान्तमा उल्लेख गरिएको पाइन्छ । वि.सं. २०५१ मा "अपाङ्ग संरक्षण तथा कल्याण नियमावली" जारी गरी वि.सं २०५३ मा विशेष शिक्षालाई प्रवर्द्धन गर्न छुट्टै विशेष शिक्षा नीति निर्माण गरियो । यसले विशेष शिक्षा परिषद्मा अपाङ्गता क्षेत्रको प्रतिनिधित्व समेत सुनिश्चित गऱ्यो ।

नेपालमा सरकारी तहबाट अपाङ्गता भएका व्यक्तिलाई क्रमशः नीति तथा कार्यक्रम मार्फत सम्बोधन गर्दै जाने क्रममा सेवा सुविधामा पहुँच पुऱ्याउने उद्देश्यका साथ परिचयपत्र दिने कामको सुरुवात वि.सं २०५७ सालदेखि भयो जुन हालसम्म निरन्तर रहेको छ । अपाङ्गताको बदलिँदो अवधारणालाई आत्मसात गरी नेपाल सरकारले वि.सं २०६३ सालमा अपाङ्गताको परिभाषा र वर्गीकरणलाई पुनः परिभाषित गऱ्यो । मुलुकले अंगीकार गरेको संघीय ढाँचा र नयाँ शासकीय स्वरुपसँगै अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ जारी गरी सोहि ऐनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न २०७७ सालमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

## २. <u>विद्यमान स्थिति</u>

राष्ट्रिय जनगणना, २०६८ को प्रतिवेदन अनुसार नेपालमा कुल जनसङ्ख्याको १.९४ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन् । नेपालमा अपाङ्गता भएका व्यक्ति लामो समयदेखि सामाजिक विभेदमा परेका र सेवा सुविधा तथा अवसरमा ज्यादै कम पहुँच भएका सीमान्तकृत समूहको रूपमा रहेका छन् । अपाङ्गताको आधारमा गरिने सामाजिक भेदभावबाट मुक्ति जस्ता सवाल नै नेपालका सन्दर्भमा अपाङ्गता भएका व्यक्तिका हकमा जल्दाबल्दा सवाल हुन् ।

राज्यले अपाङ्गतालाई अन्य विषयसँगै जोडिने विषय (Cross Cutting issue) को रूपमा ग्रहण गरेको छ । यसै सन्दर्भमा अन्य विषयगत ऐन तथा नियमावलीमा पनि

अपाङ्गताको सबाललाई समावेश गराउने क्रममा  शिक्षा ऐन, स्थानीय सरकार सञ्चालन ऐन, सार्वजनिक यतायातसम्बन्धी ऐन, भवन जनस्वास्थ्य सेवा ऐन, निर्माण संहिता, निजामती सेवा ऐन तथा नियमावली लगायतका कानूनी दस्तावेजमा अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी सेवा सुविधा तथा सहुलियतको व्यवस्था गरिएको छ । अपाङ्गता भएका व्यक्तिलाई निजामती लगायतका सरकारी एवम् सार्वजनिक सेवामा पाँच प्रतिशत सिट आरक्षणको व्यवस्था गरिएको छ । उच्च शिक्षा सम्म नि:शुल्क शिक्षाको साथै हवाई तथा सार्वजनिक यातायातको भाडामा पचास प्रतिशत छुट दिने व्यवस्था रहेको छ । अपाङ्गता भएका व्यक्तिको पुनर्स्थापनामा सहयोग गर्न राष्ट्रिय अपाङ्ग कोषको व्यवस्था गरिएको छ ।

पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई मासिक सामाजिक सुरक्षा भत्ता दिने व्यवस्था गरिएको छ । सार्वजनिक भौतिक संरचना र सञ्चार सेवालाई पहुँचयुक्त बनाउन "अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९" लागू गरिएको छ ।

## ३. गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्ति

वि.सं २०६८ सालको जनगणना अनुसार गण्डकी प्रदेशको कुल जनसंख्या २४,०३,०१६ रहेको छ । गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको जनसंख्या कुल प्रदेशको जनसंख्याको २.२४ प्रतिशत रहेको छ ।  गण्डकी प्रदेश सरकारले बनाएका प्रदेश शिक्षा नीति, २०७८ आर्थिक ऐन, खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७५, प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन २०७६, गण्डकी प्रदेश खेलकुद विकास ऐन, २०७७, गण्डकी प्रदेश सभा नियमावली, २०७४ मा अपाङ्गता भएका व्यक्तिको लागि विशेष व्यवस्था गरिएको छ । अपाङ्गता सम्बन्धी प्रदेश स्तरीय निर्देशन समिति गठन कार्यविधि, २०७७ मा अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रबर्द्धन गर्न, विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन एवम् नीतिगत समन्वय, सहजीकरण, अनुगमन तथा मूल्याङ्कनका लागि प्रदेशस्तरीय अपाङ्गता निर्देशन समितिको व्यवस्था रहेको छ ।

## ४. समस्या तथा चुनौतीहरू

अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्री पर्याप्त मात्रामा उपलब्ध हुन नसक्नु, प्रारम्भिक अवस्थामै अपाङ्गताको पहिचान, दैनिक जीवनलाई सहज र उत्पादनशील बनाउन चाहिने पुनर्स्थापना सेवा, पुनएकीकरण लगायत नियमित मनोपरामर्श र उपचारजस्ता अत्यावश्यक सेवाहरूको उपलब्धता नहुनु, गम्भीर तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिको दैनिक जीवनमा कठिनाई, अति अशक्त र पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिको मर्यादित र सम्मानित जीवनयापनका लागि पारिवारिक सहयोगका कार्यक्रम पर्याप्त नहुनु, समुदायमा अपाङ्गता र अपाङ्गता भएका व्यक्तिको अधिकारको विषयमा सचेतनाको कमी, अपाङ्गता भएका व्यक्तिको सार्वजनिक सहभागिता न्यून हुनु, भौतिक, दृष्टिकोणजन्य, सञ्चार सम्बन्धी अवरोध लगायत उपयुक्त प्रणालीको कमीले अन्य व्यक्तिको तुलनामा शिक्षा, स्वास्थ्य, रोजगारी र सार्वजनिक जीवनमा अपाङ्गता भएका व्यक्तिको पहुँच न्यून रहनु जस्ता समस्या यस क्षेत्रमा रहेका छन्।

संघीय संरचना अनुसार प्रदेशस्तरमा नीति र कानून निर्माण गर्नु प्रदेश सरकारको लागि पहिलो प्राथमिकता भएको हुनाले अपाङ्गता भएका व्यक्तिको सबालमा पनि नीति निर्माण हुनुपर्ने विषय प्रदेश सरकारको प्राथमिकताको विषय हो । सार्वजनिक यातायात, सार्वजनिक सडक, भवन, भौतिक सेवा सुविधाहरू, अन्य सार्वजनिक स्थलहरू, सूचना तथा संचार प्रणालीहरू अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त बनाई अपाङ्गता भएका व्यक्तिले अन्य नागरिक सरह समान आधारमा कानूनी तथा संवैधानिक हक, मानवअधिकार लगायत नागरिकका लागि उपलब्ध सेवा, सुविधा र अवसरहरू समान रूपमा उपयोगको वातावरण सिर्जना गर्नु यस क्षेत्रका चुनौती हुन् ।

## ५. प्रादेशिक नीति निर्माणको आवश्यकता

नेपालको संविधानको धारा ४२ मा उल्लेखित सामाजिक न्यायको हकमा अपाङ्गता भएका व्यक्तिलाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायहरूमा सहभागी गराउनुपर्ने र उनीहरूलाई समान आधारमा राज्यका सार्वजनिक सेवा सुविधा र अवसरहरूमा समान पहुँच पुर्‍याउनु पर्ने स्पष्ट प्रावधान उल्लेख गरिएको छ । संविधानमा व्यवस्था भएको मौलिक हक, राज्यको पुनर्संरचना र अधिकारको

बाँडफाँडको कार्यान्वयनलाई प्रभावकारी बनाउन चालू पन्ध्रौं योजना तथा गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका लक्ष्य एवम् उद्देश्य हासिल गर्न, दिगो विकासका लक्ष्य प्राप्तिका लागि अपाङ्गता भएका व्यक्तिको लागि सबै क्षेत्रमा समान पहुँच र अवसर प्रदान गरी न्यायपूर्ण समाजको स्थापना गर्नु आवश्यक रहेको छ । नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गरी अपाङ्गता अधिकार सुनिश्चितताको लागि राज्यले गरेका विभिन्न व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्न, अपाङ्गता भएका व्यक्तिका पक्षमा समावेशी विकासको प्रतिफल सुनिश्चित गर्न यस क्षेत्रका लागि छुट्टै प्रभावकारी रणनीति र योजनाहरू हुन आवश्यक भएकोले प्रदेशस्तरमा एकीकृत नीतिको जरूरी भएको हुनाले अपाङ्गता सम्बन्धी प्रादेशिक नीति तयार गरी लागू गरिएको हो ।

## ६. <u>सोच</u>

"अपाङ्गता भएका व्यक्तिको आत्मनिर्भरता र मर्यादित जीवन एवम् समावेशी समाज"

## ७. <u>लक्ष्य</u>

अपाङ्गता भएका व्यक्तिको मानव अधिकारको संरक्षण गर्दै साधन र स्रोतमा अपाङ्गता भएका व्यक्तिको पहुँच वृद्धि गरी सामाजिक तथा आर्थिक क्षेत्रमा सशक्तीकरण गर्दै सम्मानपूर्ण जीवनयापनको वातावरण निर्माण गर्ने ।

## ८. <u>उद्देश्य</u>

८.१ अपाङ्गता भएका व्यक्तिलाई आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्नु,

८.२ राज्य प्रदत्त संवैधानिक कानूनी अधिकार र सेवा सुविधा अन्य नागरिक सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिलाई पनि उपलब्ध गराउनु,

८.३ अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगारी लागयतका क्षेत्रमा पहुँच अभिवृद्धि गर्नु,

८.४ अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरणमार्फत जीवनयापनमा सहजता प्रदान गर्नु,

८.५ अपाङ्गता भएका व्यक्तिलाई विकासका मूल लक्ष्यहरूमा मूलप्रवाहीकरण गरी दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउनु,

८.६ अपाङ्गता भएका व्यक्तिको दैनिक जीवन, सार्वजनिक सहभागिता,निर्णय प्रक्रियामा सहभागिता, सेवा सुविधा र अवसरमा समान पहुँच पुग्नबाट वञ्चित गराउने सबै प्रकारका भौतिक, सामाजिक, साँस्कृतिक सूचना तथा सञ्चारका अवरोधहरूको न्यूनीकरण गर्नु ।

## ९. <u>नीतिका विषयगत क्षेत्रहरू</u>

(क) समन्वय

(ख) नीतिगत तथा कानुनी सुधार

(ग) शिक्षा

(घ) स्वास्थ्य

(ङ) तालिम, रोजगार तथा स्वरोजगार

(च) सञ्चार तथा सूचना प्रविधि

(छ) पहुँच तथा अवरोधमुक्त वातावरण

(ज) सामाजिक न्याय, सुरक्षा र पुनर्स्थापना

(झ) अपाङ्गता भएका महिला

(ञ) अपाङ्गता भएका युवा

(ट) अपाङ्गता भएका बालबालिका

(ठ) जनचेतना तथा पैरवी र सशक्तीकरण

(ड) खेलकुद, मनोरञ्जन र विश्राम

(ढ) सहायक सामग्री तथा सहयोगी सेवा

(ण) अपाङ्गता र विपद् व्यवस्थापन

(त) सूचना, तथ्याङ्क र अभिलेख व्यवस्थापन

१०. <u>नीति</u>

१०.१ अपाङ्गताको सबालमा सरकारी तथा गैरसरकारी निकाय एवम् सरोकारवालासँगको समन्वय र सहकार्यमा जोड दिने ।(८.१)

१०.२ अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि र नेपालको संविधानको मर्म र भावना अनुकूल समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरी आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गर्ने । (८.२)

१०.३ अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी विद्यमान संघीय र प्रदेशका कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्ने र आवश्यकता अनुसार कानून निर्माण गर्ने। (८.२)

१०.४ अपाङ्गताका आधारमा गरिने विभेदको अन्त्यका लागि व्यवस्था भएका कानूनी प्रावधानहरूका सम्बन्धमा सामाजिक उत्तरदायित्वमा अभिवृद्धि गर्ने । (८.२)

१०.५ अपाङ्गता भएका बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन विशेष कार्यक्रमहरु लागू गर्ने।(८.३)

१०.६ अपाङ्गता भएका व्यक्तिहरुको व्यवसायिक र गुणस्तरीय उच्च शिक्षामा समान पहुँच स्थापित गर्न आवश्यक कानूनी र प्रणालीगत व्यवस्था गरी अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त हुनेखालको शिक्षण विधि तथा सिकाइको प्रकृया सुनिश्चित गर्न उपयुक्त वातावरण तयार गर्ने।(८.३)

१०.७ अपाङ्गता भएका सबै बालबालिका/व्यक्तिलाई गुणस्तरीय सिकाइ प्रक्रियामा सहभागि गराउन चाहिने मानवस्रोत विकास र परिचालनमा जोड दिने।(८.३)

१०.८ अपाङ्गता भएका व्यक्तिलाई आधारभूत स्वास्थ्य सेवा तथा आवश्यकता अनुसारको विशिष्टिकृत स्वास्थ्य सेवा प्रदेश तहका अस्पतालहरूमा सुनिश्चित गर्ने र क्रमशः स्थानीयस्तरमा विस्तार गर्ने । (८.३)

१०.९ अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध भइरहेका विशिष्टिकृत तथा स्वास्थ्य सम्बन्धी पुनःस्थापना सेवाहरूलाई थप प्रवर्द्धन र विस्तार गर्ने । (८.३)

१०.१० सूचना तथा जानकारीहरूको सम्प्रेषणको वर्तमान अवस्थालाई सुधार गर्दै क्रमशः अपाङ्गता भएका व्यक्ति लगायत सबैका लागि पहुँचयुक्त बनाउने । (८.३)

१०.११ बाल अपाङ्गता न्यूनीकरणको लागि प्रारम्भिक पहिचान र हस्तक्षेप (Early Identification and Intervention) लाई स्थानीय तहमा विस्तार गर्ने ।(८.३)

१०.१२ अपाङ्गता भएका व्यक्तिलाई रोजगारीमा पहुँच अभिवृद्धि गर्ने।(८.३)

१०.१३ प्रदेश सरकारले स्थानीय तहमार्फत संचालन गर्ने व्यावसायिक सीप विकास, उद्यमशीलता विकास तालिम तथा कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका अभिभावकहरूको सहभागितालाई प्राथमिकता दिने । (८.४)

१०.१४ अपाङ्गता भएका व्यक्ति, वौद्धिक तथा अटिजम अपाङ्गता भएका व्यक्तिका अभिभावकहरुलाई प्राथमिकतामा राखेर रोजगारी दिने नीजि क्षेत्रका प्रतिष्ठान वा सङ्घ संस्थाहरूलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याउने । (८.४)

१०.१५ सार्वजनिक सेवामा अपाङ्गता भएका व्यक्तिको पहुँच र सहभागिता बढाउन आरक्षण लगायत अवरोधमुक्त र विभेदरहित कार्यस्थलको नीति अवलम्बन गर्ने ।(८.४)

१०.१६ स्वरोजगार गर्न चाहने, अपाङ्गता भएका व्यक्तिलाई प्रोत्साहनका लागि विभिन्न कार्यक्रहरू संचालन गर्ने । (८.४)

१०.१७ विशेष कार्यक्रमहरू सञ्चालनमा ल्याइ नेपाली साङ्केतिक भाषा र स्पर्श सञ्चारको प्रचार प्रसार र प्रवर्धनमा जोड दिने । (८.४)

१०.१८ विद्युतीय सञ्चार माध्यमबाट प्रसारण हुने सूचनामा बहिरा, दृष्टिविहीन लगायत सूचनामा अवरोध हुने अपाङ्गता भएका व्यक्तिको पहुँच वृद्धि गर्दै अपाङ्गतामैत्री सूचना तथा सञ्चार प्रविधिको विकास र उपयोगमा लगानी बढाउने । (८.४)

१०.१९ सार्वजनिक भौतिक संरचनाहरूलाई अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त बनाउन विद्यमान नीति, कानून र मापदण्डहरूको प्रभावकारी कार्यान्वयन गर्ने। (८.५)

१०.२० अपाङ्गतामैत्री सार्वजनिक संरचना निर्माणमा निजी क्षेत्र तथा समुदायको सहभागिता र स्वामित्वमा अभिवृद्धि गर्ने । (८.५)

१०.२१ सार्वजनिक सडक तथा हवाई यातायातका साधन र सम्बन्धित सेवामा सबै किसिमका अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त बनाउने ।(८.५)

१०.२२ अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा सम्बन्धी राष्ट्रिय मापदण्ड र राष्ट्रिय भवन निर्माण संहिताको बीचमा सामाञ्जस्यता कायम गर्दै पहुँचयुक्त संरचनाको निर्माण गर्ने ।(८.५)

१०.२३ हाल गण्डकी प्रदेशका विभिन्न जिल्लाहरूमा संचालित पुनर्स्थापना तथा अभ्यस्थता सेवाको स्तरोन्नति गरी सेवालाई विस्तार गर्ने र सेवाको प्रकार र गुणस्तरमा समेत अभिवृद्धि गर्ने । (८.५)

१०.२४ पुनर्स्थापना र अभ्यस्थता सेवालाई सकेसम्म अपाङ्गता भएका व्यक्तिले आफ्नो नजिकमा सहजै प्राप्त गर्न सक्ने व्यवस्था गरी यसको सङ्ख्यात्मक र गुणात्मक अभिवृद्धि गर्दै पूर्ण तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिका लागि विशिष्टिकृत पुनर्स्थापना सेवाहरू उपलब्ध गराउने (८.५)

१०.२५ अपाङ्गता भएका व्यक्तिका संस्था र स्थानीय सरकारको सहकार्यमा समुदायमा आधारित पुनर्स्थापना र स्वावलम्बन जीवन पद्धति प्रवर्द्धन कार्यक्रमलाई विस्तार गर्ने । (८.५)

१०.२६ अपाङ्गताको प्रकृति, गम्भीरता अनुसारका आवश्यकताका आधारमा प्रदेश सरकारको सामाजिक सुरक्षा कार्यक्रममा संबोधन गर्ने । (८.५)

१०.२७ अपाङ्गता र यसको गम्भीरताको आधारमा बालबालिकाहरूलाई उपलब्ध सेवाहरूमा प्राथमिकता दिने । उनिहरुलाई  आवश्यक पर्ने उपचार तथा शल्यकृयालाई सहज, निशुल्क र सुलभ बनाउने। (८.६)

१०.२८ नियमित सहयोगी सेवा आवश्यक हुने गम्भीर अपाङ्गता भएका बालबालिकाहरूको शिक्षा, पुनर्स्थापना, स्याहार सुसार जस्ता सेवाहरूको लागि पोषण सहित आर्थिक सहयोगका साथै परिवार सहयोग कार्यक्रम (Family support program) लागू गर्ने ।(८.६)

१०.२९ जनचेतनामूलक कार्यक्रमहरूलाई प्रभावकारी बनाउन अपाङ्गता भएका व्यक्ति र उनीहरूका संस्थाहरूको भूमिका र संलग्नतालाई प्रभावकारी बनाउने । (८.६)

१०.३० सचेतना अभिवृद्धिका लागि प्रदेश स्तरीय संचार माध्यमहरू र स्थानीय विद्युतीय र छापा माध्यम, सूचना संचार माध्यमहरू, सामाजिक संजाल लगायतको प्रभावकारी परिचालन गर्ने ।(८.६)

१०.३१ महिला अधिकार र सशक्तीकरणसँग सम्बन्धित नीति र कार्यक्रमहरूमा अपाङ्गता भएका महिलाका सवालहरूलाई प्राथमिकता दिई अपाङ्गता भएका महिलाहरू माथि हुने विभेद र हिंसा अन्त्यका लागि उनीहरूलाई विशेष संरक्षण प्रदान गर्ने ।  (८.६)

१०.३२ यौन तथा प्रजनन स्वास्थ्य, महिला स्वास्थ्य, सुरक्षित मातृत्व सम्बन्धि कार्यक्रमहरूमा अपाङ्गता भएका महिलाहरूका विशिष्ट आवश्यकताहरूलाई ध्यान दिई विशेष कार्यक्रमहरू संचालन गर्ने । (८.६)

१०.३३ अपाङ्गता भएका व्यक्तिका लागि सहायक सामग्री, पारा तथा विशेष खेलकुदको विकास र प्रवर्द्धन गर्न सरोकारवाला निकायसँगको समन्वय, सहकार्य र सहयोग अभिवृद्धि गर्ने । (८.६)

१०.३४ प्रदेश स्तरीय खेलकुद सम्बन्धी योजना निर्माण र निर्णय प्रक्रियाहरूमा अपाङ्गता भएका व्यक्तिको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने । (८.६)

१०.३५ गण्डकी प्रदेशका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय, खेलकुद र मनोरञ्जनका संरचना तथा विश्रामस्थलहरूलाई अपाङ्गता भएका व्यक्ति लगायत सबैका लागि पहुँचयुक्त बनाउने । (८.६)

१०.३६ विपद्को अवस्थामा अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको अपाङ्गताको गम्भीरताको आधारमा उद्धार, राहत, पुनर्लाभ तथा पुनःस्थापनमा विशेष प्राथमिकता दिदैं विपद् व्यवस्थापनका प्रकृया र संरचनाहरूलाई अपाङ्गता समावेशी बनाउने र स्थानीय तहका संरचनालाई समावेशी बनाउन सहजीकरण गर्ने ।(८.६)

१०.३७ अपाङ्गता भएको व्यक्तिसँग सम्बन्धित सूचना, तथ्यांक र अभिलेख व्यवस्थापन तथा अद्यावधिक गर्ने । (८.६)

११. <u>रणनीति तथा कार्यनीति</u>

गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सुदृढीकरण गर्नका लागि तय गरिएको सोंच, लक्ष्य, उद्देश्य र नीतिहरूको परिधिभित्र रही देहाय बमोजिमका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ । स्थानीय तहले यस नीतिको प्रतिकूल नहुने गरी स्थानीय आवश्यकता र सम्भावना अनुसार अपाङ्गता सम्बन्धी नीति, रणनीति ,कार्यनीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न गराउन सक्नेछन् ।

<u>समन्वय</u>

**रणनीति ११.१** अपाङ्गता सम्बन्धी संघीय, प्रादेशिक एवम् स्थानीय सरकारहरूको कार्ययोजना, नीतिगत प्राथमिकता र सेवा सुविधा लाई सहकार्यमा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

११.१.१ अपाङ्गता भएका व्यक्तिको संस्था वा प्रतिनिधिहरू समेतको संलग्नतामा अन्तर सरकार (प्रदेश र स्थानीय) समन्वय समिति गठन गरिनेछ ।

११.१.२ अपाङ्गता सम्बन्धी प्रदेशस्तरीय निर्देशन समितिको भूमिका प्रभावकारी बनाउँदै परिचालन गरिनेछ।

११.१.३ सबै स्थानीय तहलाई अपाङ्गता सम्बन्धी कार्य गर्नका लागि स्थानीय अपाङ्गता समन्वय समिति गठन गर्न प्रोत्साहन गरिनेछ ।

११.१.४ प्रदेशका सबै निकायहरूमा अपाङ्गता सम्बन्धी विषय हेर्ने अपाङ्गता सम्पर्क व्यक्ति (Focal Person) तोक्ने व्यवस्था मिलाइनेछ।

११.१.५ प्रदेशस्तरमा गठन भएका संरचनाहरूले अपाङ्गता भएका व्यक्तिको अधिकारका सम्बन्धमा गरेको कार्य प्रगति हेर्नका लागि आवधिक समीक्षाको व्यवस्था मिलाइनेछ।

<u>नीतिगत तथा कानुनी सुधार</u>

**रणनीति ११.२** कानूनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट अपाङ्गता भएका व्यक्तिको अधिकार तथा समावेशीकरण सुनिश्चित गर्ने।

११.२.१ प्रदेश तथा स्थानीय तहमा अपाङ्गता सम्बन्धी नीति, योजना तथा कानून निर्माण गरी कार्यान्वयन गरिनेछ।

११.२.२ प्रदेश र स्थानीय तहमा अपाङ्गता सम्बन्धी नीति कार्यान्वयन गर्न सम्बन्धित शासकीय तहको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

११.२.३ सबै विषय क्षेत्रगत सार्वजनिक नीतिमा अपाङ्गता तथा सशक्तीकरणका विषयलाई समावेश गरी कार्यान्वयनमा ल्याइनेछ।

११.२.४ सार्वजनिक निकायमा रहेका अपाङ्गता सम्बन्धी सम्पर्क व्यक्ति (Focal Person) को भूमिकालाई क्षेत्रगत नीति निर्माण तथा नीति कार्यान्वयनको अनुगमनमा प्रभावकारी बनाउन प्रशिक्षित गरिनेछ।

११.२.५ सार्वजनिक नीति निर्माण, कार्यान्वयन तथा लाभको बाँडफाँडमा अपाङ्गता भएका व्यक्तिको सशक्तीकरणको विषय बजेट तथा कार्यक्रम निर्माणमा अपाङ्गता भएका व्यक्तिको सहभागिता एवम् समावेशी बजेट विनियोजन र कार्यान्वयन समेतलाई विश्लेषण गर्न परीक्षण कार्यको सुरुवात गरिनेछ।

११.२.६ सार्वजनिक क्षेत्रमा हुने नियुक्तिमा समानुपातिक समावेशिताको प्रावधानलाई कार्यान्वयन गरिनेछ।

**शिक्षा**

**रणनीति ११.३** जीवनपर्यन्त सिकाइको मूल सिद्धान्तमा आधारित भएर अपाङ्गता भएका बालबालिका/व्यक्तिको लागि समावेशी सिकाइका सम्पूर्ण अभ्यास गर्ने।

११.३.१ अपाङ्गता भएका व्यक्ति शिक्षण सिकाइबाट बाहिर नहुन भन्नका लागि आवश्यक पर्ने सबै खाले कानून, नीति, नियम र कार्यक्रमहरूको परिमार्जन गरिनेछ ।

११.३.२ शिक्षा प्रणाली, पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ प्रक्रिया, मूल्याङ्कन र विद्यालयको वातावरण सबैलाई अपाङ्गता भएका बालबालिका समावेशी हुने गरी सम्पूर्ण रूपमा अपाङ्गता मैत्री बनाइनेछ ।

११.३.३ अपाङ्गता भएका बालबालिका तथा उच्च शिक्षा अध्ययनरत विद्यार्थीका लागि विशेष आवश्यकताका सेवाहरू उपलब्ध गराइनेछ ।

११.३.४ अपाङ्गता भएका बालबालिका र अपाङ्गता भएका किशोरकिशोरीको लागि उनीहरूको अपाङ्गता अनुकूल व्यवसायीक र प्रविधिमा आधारित शिक्षण सिकाइ र मूल्याङ्कन पद्धति अवलम्बन गरिनेछ ।

**स्वास्थ्य**

**रणनीति ११.४** अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा आधारभूत स्वास्थ्य सेवा, आवश्यकता अनुसारको परामर्श र विशिष्टीकृत स्वास्थ्य तथा पुनर्स्थापना सेवा र प्रजनन स्वास्थ्य एवम् प्रवर्द्धनात्मक स्वास्थ्यका सबै कार्यक्रममा पहुँच पुऱ्याई मर्यादित एवम् स्वावलम्बी जीवनयापन गर्न सक्षम बनाउने।

११.४.१ अपाङ्गता पहिचानका लागि र बेलैमा त्यसको उपचार एवम् आवश्यक पुनर्स्थापना सेवा दिनका लागि अपाङ्गता पहिचान तथा व्यवस्थापनसँग सम्बन्धित कार्यक्रमको नियमित सञ्चालन गर्ने नीति लिइनेछ ।

११.४.२ अपाङ्गता भएका व्यक्तिको सामान्य स्वास्थ्य वा प्राथमिक स्वास्थ्यका लागि पहुँच पुऱ्याउन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

११.४.३ अपाङ्गता भएका व्यक्तिको यौन तथा प्रजनन स्वास्थ्य अधिकारमा पहुँच भए नभएको सुनिश्चित गर्न उपयुक्त नीति अवलम्बन गरिनेछ ।

११.४.४ बाल स्वास्थ्य तथा पोषण सम्बन्धी सरकारका सबै कार्यक्रममा अपाङ्गता भएका व्यक्तिलाई लक्षित वर्गको रूपमा राख्ने नीति लिइनेछ ।

११.४.५ अपाङ्गता रोकथाम तथा न्यूनीकरण गर्नका लागि हाल चलिरहेका कार्यक्रमको निरन्तरता दिंदै नयाँ कार्यक्रम समेत तय गरी लागू गरिनेछ।

## तालिम, रोजगार तथा स्वरोजगार

**रणनीति ११.५** सीप विकासका तालिम तथा रोजगारीका अवसरहरूमा अपाङ्गता भएका व्यक्ति र वौद्धिक र अटिजम अपाङ्गता भएका व्यक्तिका अभिभावक लाई पहिलो प्राथमिकतामा राखी सशक्त र सक्षम बनाउने।

११.५.१ अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिनका लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

११.५.२ अपाङ्गता भएका व्यक्तिलाई सीप सिकाउनका लागि सीप प्रदायक संस्थाहरूलाई अपाङ्गता समावेशीकरण अनिवार्य गर्ने व्यवस्था मिलाइनेछ ।

११.५.३ अपाङ्गता भएका व्यक्तिलाई रोजगारीको अवसर प्रदान गर्ने संस्थाहरूका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।

११.५.४ अपाङ्गता भएका व्यक्तिले काममा भोग्नुपर्ने सम्भावित भौतिक तथा व्यवहारजन्य बाधा र भेदभाव अन्त्यका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

११.५.५ अपाङ्गता भएका व्यक्तिलाई उद्यमशील र स्वरोजगार बनाउन र उनीहरूको परिवारलाई विशेष लक्षित क्षेत्रभित्र पारी आवश्यक अनुदान सहयोग प्रदानका कार्यक्रम गरिनेछ।

११.५.६ हालको रोजगारीको बजारको विश्लेषण गर्दै अपाङ्गता भएका व्यक्तिको रोजगारीमा सहभागिताका लागि आवश्यक पर्ने सुधारको लागि अध्ययन अनुसन्धानका कार्यक्रम गरिनेछ ।

११.५.७ सकारात्मक विभेद नीति अपनाई अपाङ्गता भएका व्यक्तिको स्वरोजगार प्रवर्द्धनका लागि उनीहरूको सहभागिता सुदृढीकरण कार्यक्रम गरिनेछ।

११.५.८ निजी क्षेत्रलाई अपाङ्गता भएका व्यक्तिलाई रोजगारी प्रदान गर्नका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

११.५.९ सरकारी तथा सार्वजनिक र बैंक तथा वित्तीय क्षेत्रमा अपाङ्गता भएका व्यक्तिको सहभागिता बढाउन समावेशीकरण तथा आरक्षणको नीति अवलम्बन गरिनेछ ।

<u>सञ्चार तथा सूचना प्रविधि</u>

**रणनीति ११.६** अपाङ्गता भएका व्यक्तिको सूचना प्रविधि तथा सञ्चारको अवरोध हटाउँदै सार्वजनिक सूचना एवम् अत्यावश्यक सूचनाहरू र अपाङ्गता भएकै कारण गर्नुपर्ने विशेष सञ्चारको अवस्थामा सुधार ल्याउने।

११.६.१ साङ्केतिक भाषा तथा स्पर्श सञ्चारको प्रवर्द्धन गरी प्रदेशका सबै स्थानीय तहसम्म कम्तीमा एकजना दोभासे को व्यवस्था हुने नीति लिइनेछ।

११.६.२ आमसञ्चार माध्यम एवम् विद्युतीय सञ्चार माध्यमबाट प्रसारण प्रकाशन हुने सूचना तथा सञ्चार सामग्रीहरूमा अपाङ्गता भएका व्यक्तिको पहुँचको सुनिश्चित गर्दै प्रकाशन प्रसारणमा ल्याउने कुरालाई नीतिगत व्यवस्थाले अनुबन्ध गरिनेछ ।

११.६.३ विशेष सञ्चार र प्रविधि आवश्यकता भएका अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक पर्ने स्पर्ष सञ्चार, बोल्न र इशारा गर्न नसक्ने अपाङ्गता भएका व्यक्तिको लागि सरल, सचित्र र ठूला छापा निर्माण गर्ने नीति लिइनेछ ।

११.६.४ साङ्केतिक भाषा स्पर्श सञ्चारको नियमित कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

११.६.५ विद्युतीय सञ्चार एवम् अन्य सञ्चार माध्यमबाट अपाङ्गता भएका व्यक्तिलाई सूचना प्रदान गर्न पहुँचयुक्त ढाँचा अपनाउनका लागि विशेष कार्यक्रम लागू गरिनेछ ।

११.६.६ प्रकाशन तथा प्रसारण गर्ने सम्पूर्ण संस्थाहरूलाई विद्युतीय सामग्रीहरूमा अपाङ्गता समावेशीकरण नीतिलाई अनिवार्य गरिनेछ ।

११.६.७ सरल भाषाका सामग्रीहरू ब्रेल सामग्रीहरू सचित्र सामग्रीहरू एवम् अन्य अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने भाषा र माध्यममा अपाङ्गता समावेशी सूचना सञ्चार जोखिमका सञ्चारहरूलाई अपाङ्गता मैत्री बनाइनेछ ।

११.६.८ सूचना प्रविधिका नवीनतम ढाँचाहरू एवम् प्रविधिहरूलाई अपाङ्गता भएका व्यक्तिको पहुँचसम्म पुर्याइ यसको प्रयोगमा व्यापकता प्रदान गरिनेछ ।

<u>**पहुँच तथा अवरोधमुक्त वातावरण**</u>

**रणनीति ११.७**: सार्वजनिक भौतिक संरचनाको निर्माणमा विश्वव्यापी ढाँचालाई अवलम्बन गर्दै सार्वजनिक भौतिक संरचना, सार्वजनिक यातायात र भौतिक सेवा सुविधाको प्रयोगमा अपाङ्गता भएका व्यक्तिले सामना गरिरहेका अवरोधलाई हटाई उनीहरूको सार्वजनिक सहभागिता र आवागमनलाई सहज र आत्मनिर्भर बनाउने ।

११.७.१ प्रदेशको आफ्नै भौतिक संरचनाको पहुँचयुक्तता सम्बन्धी मापदण्ड निर्माण गरी लागू गरिनेछ।

११.७.२ अपाङ्गता मैत्री संरचना निर्माणमा समुदायको संलग्नतालाई अभिवृद्धि गरिनेछ ।

११.७.३ सम्पूर्ण भौतिक संरचनाहरू विश्वव्यापी ढाँचा अनुकुल हुने गरी बनाइनेछ।

११.७.४ सम्पूर्ण यातायात सेवाहरू हवाई तथा स्थल मार्गमा चल्ने सवारी साधनहरू लाई अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्न सक्ने गरी पहुँचयुक्त बनाउने नीति अवलम्बन गरिनेछ ।

११.७.५ भौतिक पहुँचयुक्तताको मापदण्डका बारेमा स्थानीय तह र अन्य सरोकारवालालाई पर्याप्त जानकारी एवम् सूचना प्रवाह गरिनेछ ।

११.७.६ सबैका लागि पहुँचयुक्त संरचनाको निर्माण एवम् ढाँचा रचना गर्न सक्ने दक्ष जनशक्ति उत्पादनमा लगानी गरिनेछ ।

११.७.७ प्रदेशमा रहेका सबै विमानस्थलहरू र बस टर्मिनलहरूलाई अपाङ्गता मैत्री बनाउने कार्य गरिनेछ ।

११.७.८ अपाङ्गता भएका व्यक्तिलाई यातायातमा अपाङ्गता समावेशीकरण लागू गरी उनीहरूलाई निःशुल्क यात्राको व्यवस्था मिलाइनेछ ।

११.७.९ सडक पेटी, रेलिङ, सवारी साधन पर्खने ठाउँहरू, बिजुलीका पोलहरू, टेलिफोन पोल, सूचना बोर्डहरू, आदिको निश्चित मापदण्ड बनाई अपाङ्गता भएका व्यक्तिलाई आवागमनमा अवरोध नहुने गरी मात्रै त्यस्ता कार्यहरू गरिनेछ ।

**<u>सामाजिक न्याय, सुरक्षा र पुनर्स्थापना</u>**

**रणनीति११.८:** सामाजिक सुरक्षा सेवामा सबै अपाङ्गता भएका व्यक्तिलाई समेटी गुणस्तरिय जीवनयापनका लागि विशिष्ट सामाजिक सेवा सुरक्षाको कार्यक्रम लागू गर्ने।

११.८.१ अपाङ्गताको गाम्भीर्यता, अपाङ्गताको प्रकृति र गरिबी लगायतका सूचकहरू निर्माण गरी अपाङ्गता भएका व्यक्तिलाई गुणस्तरीय जीवनयापन गर्नका लागि आवश्यक सामाजिक सुरक्षा प्रदान गर्ने नीति लिइनेछ ।

११.८.२ अपाङ्गता भएका व्यक्तिलाई आवश्यक परेको बेलामा थप सुविधा एवम् उनीहरूको आत्मनिर्भरताबाट सरकारले योगदान पाउने प्रगतिशील सामाजिक सुरक्षाको नीति लागू गरिनेछ ।

११.८.३ चौबीसै घण्टा सहयोगी सेवा आवश्यक पर्ने अपाङ्गता भएका व्यक्तिको हेरचाह र दैनिक जीवनयापनका लागि पर्याप्त सामाजिक सुरक्षा भत्ताको व्यवस्था र सेवाहरूको उपलब्धता सुनिश्चित गर्ने र व्यक्तिगत सहयोगी र हेरचाहकर्ताको लागि पारिश्रमिकको व्यवस्था गर्ने नीति लिइनेछ।

११.८.४ प्रदेश सरकारले उपलब्ध गराउने सामाजिक सुरक्षाका बारेमा सम्पूर्ण अपाङ्गता भएका व्यक्ति परिवार एवम् समुदायलाई सुसुचित एवम् सचेतिकरण गरिनेछ ।

११.८.५ अप्ठ्यारोमा परेका गरिबीको रेखामुनि रहेका र अभिभावक विहिन अपाङ्गता भएका व्यक्तिका निमित्त सरकारले सामुदायिक पुनर्स्थापना गृह सञ्चालन गरी त्यस्ता संस्थामार्फत अपाङ्गता भएका व्यक्तिको जीवनयापनलाई सरल बनाउन सामाजिक सुरक्षाको कार्यक्रम लागू गरिनेछ ।

**<u>अपाङ्गता भएका महिला</u>**

**रणनीति ११.९:** अपाङ्गता भएका महिला विरुद्ध हुने हिंसा र विभेद न्यूनीकरण गर्दै न्यायमा पहुँच अभिवृद्धि गर्न उनीहरूको सामाजिक,आर्थिक सशक्तीकरण गरी समावेशी विकास एवम् सार्वजनिक जीवनमा समान सहभागिता निर्माण गर्ने।

११.९.१ प्रदेश सरकारबाट हाल सञ्चालनमा रहेका महिला सशक्तीकरण कार्यक्रममा अपाङ्गता भएका महिलाको समावेशीकरण सुनिश्चित गरिनेछ।

११.९.२ अपाङ्गता भएकै कारण महिलाले भोग्नु परेका हिंसाजन्य घटनाहरू न्यूनीकरण गर्नका लागि सचेतना अभियान सञ्चालन गरिनेछ ।

११.९.३ अपाङ्गता भएका महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि आवश्यक कानून निर्माण गरी संरक्षणको व्यवस्था मिलाइनेछ ।

११.९.४ सुरक्षित मातृत्व एवम् प्रजनन तथा यौन स्वास्थ्यमा अपाङ्गता भएका महिलाको समान पहुँच पुऱ्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।

११.९.५ प्रदेश एवम् स्थानीय सरकारद्वारा सञ्चालन हुने कार्यक्रममा अपाङ्गता भएका महिलाको सहभागिता बढाउने कार्यक्रम गरिनेछ ।

११.९.६ अपाङ्गता भएका महिलालाई लक्षित गरी सशक्तीकरण, आर्थिक उपार्जन, अनौपचारिक शिक्षा तथा तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

११.९.७ अपाङ्गता भएका महिलाले सञ्चालन गर्ने संस्था र कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

११.९.८ सुरक्षित मातृत्व प्रजनन तथा यौन स्वास्थ्य लगायत महिला स्वास्थ्यसँग सम्बन्धित नीति र कार्यक्रममा अपाङ्गता भएका महिलाको समावेशीकरण सुनिश्चित गरिनेछ ।

११.९.९ सुरक्षित मातृत्व प्रजनन तथा यौन स्वास्थ्य लगायतका कार्यक्रमहरू अपाङ्गता भएका महिला मैत्री बनाइनेछ ।

<u>अपाङ्गता भएका युवा</u>

**रणनीति ११.१०:**अपाङ्गता भएका युवा, किशोर किशोरीको क्षमता पहिचान गरी देश निर्माणका निमित्त योगदान गर्न सक्ने नागरिक बनाउने ।

११.१०.१ प्रदेशस्तरमा युवा परिचालन एवम् युवा सशक्तीकरणको कार्यक्रममा अपाङ्गता भएका युवालाई लक्षित समूहको रूपमा राख्ने व्यवस्था मिलाइनेछ ।

११.१०.२ प्रदेशस्तरमा बन्ने युवा नीतिमा अपाङ्गता भएका व्यक्तिको मुद्दा समावेश गर्ने नीति लिइनेछ ।

११.१०.३ अपाङ्गता भएका युवा तथा किशोरकिशोरीको क्षमता अभिवृद्धिका लागि विशिष्टीकृत कार्यक्रम सञ्चालन गरिनेछ ।

११.१०.४ अपाङ्गता भएका युवा तथा किशोरकिशोरीको प्रतिभाको पहिचान गरी उनीहरूको प्रतिभा प्रस्फुटन गर्नका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

११.१०.५ युवा सहभागिता एवम् युवाहरूको सञ्जाल लगायतका सम्पूर्ण संरचनाहरूमा अपाङ्गता भएका युवालाई संलग्न गर्नका लागि उपयुक्त व्यवस्था गरिनेछ ।

११.१०.६ प्रदेशस्तरका कार्यक्रम एवम् युवासँग सम्बन्धित विषयमा अपाङ्गता भएका युवा र किशोरकिशोरीलाई सहभागी गराउने व्यवस्था मिलाइनेछ।

११.१०.७ अपाङ्गता भएका युवा किशोरकिशोरीको व्यवसायिक दक्षता बढाइनेछ र त्यसका निमित्त आवश्यक पर्ने विशिष्ट कार्यक्रमहरू सञ्चालन गरिनेछ।

११.१०.८ अपाङ्गता भएका युवा किशोरकिशोरीलाई लक्षित गरेर सीप रोजगार तथा स्वरोजगार वृद्धिको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

<u>अपाङ्गता भएका बालबालिका</u>

**रणनीति ११:११** अपाङ्गता भएका बालबालिकाले परिवार र समाजमा भोग्नुपर्ने सबै खाले दुर्व्यवहार र भेदभावको अन्त्य गर्दै अन्य बालबालिकासरह शिक्षा ,स्वास्थ्य, पोषण, सहभागिता र संरक्षण अधिकारमा समान पहुँच स्थापित गराउने ।

११.११.१ परिवारबाट परित्याग बालबालिकाका लागि सरकारको तर्फबाट पुनर्स्थापना र बाल-विकासका लागि विशेष कार्यक्रम लागू गरिनेछ।

११.११.२ बालबालिकाहरूमा अपाङ्गता पहिचानका लागि प्रारम्भिक पहिचान पुनर्स्थापना तथा स्वास्थ्य सेवालाई ग्रामीण तहसम्म पुर्याउने नीति लिइनेछ ।

११.११.३ परिवार, समुदाय, विद्यालय लगायत सबै क्षेत्रमा अपाङ्गता भएका बालबालिका विरुद्धको विभेदलाई अन्त्य गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । यस्ता विभेदजन्य कार्यको न्यूनीकरणका लागि आवश्यक कानूनी एवम् नीतिगत व्यवस्था गरिनेछ ।

११.११.४ स्थानीयस्तरमा नै अपाङ्गता भएका बालबालिकाका लागि पुनर्स्थापना एवम् स्याहार केन्द्र दिवा सेवा केन्द्र जस्ता सुविधाहरू उपलब्ध गराइनेछ ।

११.११.५ बालबालिकाका क्षेत्रमा कार्य गर्ने संघ-संस्थासँग साझेदारी गरी अपाङ्गता भएका बालबालिकाको बाल विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

११.११.६ अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा कार्य गर्ने र अपाङ्गता भएका बालबालिकाहरूका विषयमा सहकार्य गरिरहेका राष्ट्रिय-अन्तर्राष्ट्रिय साझेदार संस्थासँग सहकार्य गरी प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

<u>जनचेतना तथा पैरबी र सशक्तीकरण</u>

**रणनीति ११.१२**: अपाङ्गता भएका व्यक्तिलाई हेर्ने व्यक्ति, समुदाय र सरोकारवालाको सोच र व्यवहारमा सकारात्मक परिवर्तन ल्याई अपाङ्गता भएका व्यक्तिको अधिकार प्रवर्द्धन गर्ने ।

११.१२.१ अपाङ्गता सचेतीकरणका लागि शैक्षिक कार्यक्रम गतिविधि र पाठ्यक्रम तथा पाठ्यपुस्तकमा अपाङ्गता सम्बन्धी सचेतनामूलक सामग्रीहरू समावेश गर्ने व्यवस्था मिलाइनेछ ।

११.१२.२ अपाङ्गतासँग सम्बन्धित जनचेतनामूलक सामग्री सम्प्रेषणका लागि सञ्चार माध्यमको परिचालन गरिनेछ ।

११.१२.३ अपाङ्गता सचेतीकरणका लागि सञ्चार माध्यमसँग सहकार्य वृद्धि गरिनेछ।

११.१२.४ समाजमा अपाङ्गताप्रति सकारात्मक बुझाई अभिवृद्धि गर्न ग्रामीण तहसम्म सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

११.१२.५ अपाङ्गता भएका व्यक्तिका संस्था, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग साझेदारी गर्ने कार्य गरिनेछ।

११.१२.६ अपाङ्गता भएका व्यक्ति तथा संस्थाको सशक्तीकरण एवम् क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

११.१२.७ मानवअधिकार शिक्षा लगायत कानूनी शिक्षामा अपाङ्गता भएका व्यक्तिको सहभागितामा जोड दिइनेछ ।

११.१२.८ अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका संस्थाको क्षमता विकासको लागि लक्षित कार्यक्रमहरूमा जोड दिइनेछ।

११.१२.९ अपाङ्गता भएका व्यक्तिको व्यक्तित्व विकास, सामाजिक सशक्तीकरण, तालिम, नेतृत्व विकास, सहभागिता, प्रतिनिधित्व, सिकाइ, आर्थिक उपार्जन जस्ता अवसरमा प्राथमिकतामा राखिनेछ ।

## खेलकुद, मनोरञ्जन र विश्राम

**रणनीति ११.१३:** अपाङ्गता भएका व्यक्तिको खेलकुद, मनोरञ्जन एवम् सांस्कृतिक गतिविधिमा पहुँच अभिवृद्धि गर्दै उनीहरूको क्षमता, प्रतिभा लगायत सामाजिकीकरण र सार्वजनिक सहभागिता लाई प्रवर्द्धन गर्ने ।

११.१३.१ अपाङ्गता भएका व्यक्तिका लागि खेलकुदको उपयुक्त वातावरण निर्माण गरी उनीहरूको खेल जीवनको विकास गर्नका लागि लगानी गरिनेछ ।

११.१३.२ खेलकुद सम्बन्धी योजना निर्माण र निर्णय प्रक्रियामा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरिनेछ ।

११.१३.३ अपाङ्गता भएका व्यक्तिको खेलकुद तथा मनोरञ्जनका गतिविधिहरूमा संलग्न संघ संस्थासँग साझेदारी गरिनेछ ।

११.१३.४ पहुँचयुक्त पर्यटन भन्ने मूल नारासहित पर्यटन सांस्कृतिक गतिविधि, धार्मिक ऐतिहासिक एवम् मनोरञ्जन स्थल र पर्यटकीय स्थानमा अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित गरिनेछ।

११.१३.५ मनोरञ्जन एवम् सांस्कृतिक कार्यहरू र विश्रामका गतिविधिहरूमा अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित गर्नका लागि आवश्यक कार्यहरू गरिनेछ ।

११.१३.६ अपाङ्गता भएका व्यक्तिको लागि खेलकुदका कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूको गतिविधि बढाउनका लागि आवश्यक लगानीको व्यवस्था मिलाइनेछ ।

११.१३.७ अपाङ्गता भएका व्यक्तिको खेलकुद विकासका लागि विशेष खेल गतिविधिहरू गर्ने संयन्त्रहरूलाई समावेशी बनाइनेछ ।

११.१३.८ विशेष खेलकुदको आयोजनालाई विस्तार गर्दै खेलाडी प्रशिक्षक र व्यवस्थापकको क्षमता अभिवृद्धि गरिनेछ ।

११.१३.९ विद्यालय स्तर सम्म सञ्चालन हुने खेलकुद तथा मनोरञ्जनका गतिविधिहरूमा अपाङ्गता भएका बालबालिकाहरूलाई समान रूपमा सहभागी गराउने वातावरण निर्माण गरिनेछ ।

११.१३.१० खुला स्थान, पार्क, सिनेमा हल लगायत मनोरञ्जन स्थललाई अपाङ्गता समावेशी सुनिश्चितताका लागि पहुँचयुक्त बनाइनेछ ।

<u>सहायक सामग्री तथा सहयोगी सेवा</u>

**रणनीति ११.१४**: अपाङ्गता भएका व्यक्तिको आवश्यकता र उनीहरूको छनौट अनुसारको गुणस्तरीय सहयोगी सामग्रीहरू, उनीहरूको बसोबासको स्थानको सबैभन्दा नजिक पर्ने ठाउँबाट वितरण गर्ने व्यवस्था मिलाई उनीहरूलाई स्वावलम्बी र सहज जीवनयापन गर्नका लागि योगदान गर्ने ।

११.१४.१ स्थानीयस्तरमा सहायक सामग्रीको नाप जाँच, प्रयोग, मर्मत र वितरणको व्यवस्था सुनिश्चित गर्दै सहायक सामग्रीको उपलब्धतामा वृद्धि गराइनेछ ।

११.१४.२ अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्रीहरू को न्यूनतम गुणस्तर तोकिनेछ । सम्पूर्ण अपाङ्गता भएका व्यक्तिलाई उनीहरूले प्रयोग गर्ने सहायक सामग्रीहरू निःशुल्क उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

११.१४.३ अपाङ्गता सहायक सामग्रीहरू प्रदेशस्तरमा नै उत्पादन तथा वितरण गर्नका लागि अध्ययन अनुसन्धान गरिनेछ ।

११.१४.४ चौबीसै घण्टा सहयोगी आवश्यक पर्ने र व्यक्तिगत सहयोगी चाहिने अपाङ्गता भएका व्यक्तिलाई आवश्यक सेवाको व्यवसायिकता विकास गर्दै लगिनेछ ।

११.१४.७ सहयोगी सेवासम्बन्धी निर्देशिका निर्माण गरी निर्देशिका अनुसार आवश्यक व्यक्तिलाई व्यक्तिगत सहयोगी सेवा आपूर्ति गर्ने र प्रवर्द्धन गर्दै लगिनेछ ।

<u>अपाङ्गता र विपद् व्यवस्थापन</u>

**रणनीति ११.१५**: अपाङ्गता समावेशी जोखिम व्यवस्थापन प्रवर्द्धन गर्दै विपद्का समयमा उनीहरूमाथि हुने जोखिम न्यूनीकरण गर्ने ।

११.१५.१ विपद्को अवस्थामा अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको अपाङ्गताको गम्भीरताका आधारमा राहत उद्धार पुनर्लाभ र पुनर्स्थापनाको विशेष प्राथमिकतामा राख्ने व्यवस्था गरिनेछ ।

११.१५.२ विपद् व्यवस्थापनका विभिन्न प्रक्रियाहरूलाई अपाङ्गता समावेशी बनाइनेछ ।

११.१५.३ विपद् व्यबस्थापन सम्बन्धी बन्ने संरचनाहरूमा अपाङ्गता भएका व्यक्ति वा तिनका प्रतिनिधि संस्थाहरूको सहभागिता सुनिश्चित गरिनेछ ।

११.१५.४ विपद्का अवस्थामा अपनाउनुपर्ने सुरक्षा उपायहरूबाट अपाङ्गता भएका व्यक्ति समेत लाभान्वित हुने गरी विशेष प्रयासहरू सुरू गरिनेछ ।

११.१५.५ सङ्कटापन्न अवस्थामा रहेका अपाङ्गता भएका व्यक्तिको पहिचान गरी सूचना प्रणालीलाई पहुँचयुक्त र प्रभावकारी बनाइनेछ।

११.१५.६ विपद् पूर्व तयारी सम्बन्धी योजना तर्जुमा अनुगमन लगायत विभिन्न गतिविधिहरूमा अपाङ्गता भएका व्यक्ति वा संस्थाको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरिनेछ ।

११.१५.७ अपाङ्गता भएका व्यक्ति लगायत सबै समूह वर्गलाई विपद् व्यवस्थापनको अङ्ग बनाउन समावेशी विपद् व्यवस्थापनमा जोड दिइनेछ ।

११.१५.८ उद्धार र राहत वितरण लगायत विपद् प्रभावितका लागि गरिने अस्थायी व्यवस्थालाई अपाङ्गता मैत्री बनाइनेछ र पुनर्स्थापना तथा पुनर्लाभ योजना कार्यक्रमलाई अपाङ्गता समावेशी बनाइनेछ ।

<u>सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन</u>

**रणनीति ११.१६:** अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित तथ्य तथ्याङ्कहरूलाई व्यवस्थित बनाउने ।

११.१६.१ प्रदेश स्तरमा अपाङ्गता भएका व्यक्तिको तथ्य तथ्याङ्क राख्ने व्यवस्था मिलाइनेछ ।

११.१६.२ अपाङ्गता भएका व्यक्तिको विषय सम्बन्धि अध्ययन अनुसन्धानका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

११.१६.३ अपाङ्गता भएका व्यक्तिको सहभागिता पुनर्स्थापना लगायतका गतिविधिहरूमा उपलब्ध तथ्य तथ्याङ्क अभिलेखीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

११.१६.४ सरकारी तथा गैरसरकारी दुवै क्षेत्रबाट अपाङ्गताको विषयमा गुणस्तरीय अध्ययन अनुसन्धानलाई प्रवर्द्धन गरिनेछ ।

११.१६.५ तथ्याङ्क निर्माण गर्नका लागि संघीय स्तरमा केन्द्रीय तथ्याङ्क विभाग एवम् प्रदेश स्तरमा तथ्याङ्क कार्यालयसँग साझेदारीको बन्दोबस्त गरिनेछ ।

११.१६.६ प्रदेश सरकारको तर्फबाट अपाङ्गता भएका व्यक्तिको बारेमा अध्ययन अनुसन्धान र तथ्याङ्क सङ्कलनमा लगानी वृद्धि गरिनेछ ।

११.१६.७ अध्ययन अनुसन्धान लगायत सूचना र तथ्याङ्कको व्यवस्थापनमा सूचना प्रविधिको उपयोगमा जोड दिँदै स्थानीयस्तरमा सूचना तथा तथ्याङ्क व्यवस्थित र अद्यावधिक गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

१२. **<u>संस्थागत पक्ष</u>**

अपाङ्गता सम्बन्धी प्रादेशिक नीति, २०७८ प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नका लागि स्थानीय तहसँग समन्वय तथा सहजीकरण गर्न, नीति कार्यान्वयनको अनुगमन तथा मूलप्रवाहीकरण गर्न र नीतिमा समसामयिक सुधार लगायत नीतिगत सहजीकरणका लागि अपाङ्गता सम्बन्धी क्षेत्र हेर्ने मन्त्रालयका मन्त्रीको संयोजकत्वमा अपाङ्गता सम्बन्धी प्रदेशस्तरीय निर्देशन समिति रहनेछ। यो नीतिको कार्यान्वयनमा प्रदेश सरकारका सबै मन्त्रालय र अन्तर्गतका कार्यालयहरू र प्रदेश अन्तर्गतका सबै स्थानीय सरकारको भूमिका रहनेछ। प्रदेशका आवधिक योजना र हरेक विषयगत मन्त्रालय र अन्तर्गतको निकाय तथा कार्यालय र स्थानीय सरकारले आफ्नो कार्यक्षेत्रभित्र पर्ने विषयहरू अन्तर्गत निर्माण गर्ने वार्षिक तथा आवधिक कार्यक्रम कार्यनीति रणनीतिहरूमा अपाङ्गता भएका व्यक्तिहरू लक्षित तथा समावेशी प्रकृतिका बजेट तथा कार्यक्रमहरू समावेश गर्न जोड दिइनेछ ।

मन्त्रालय, मातहतका निकाय तथा कार्यालयहरू र स्थानीय सरकारले तथ्याङ्क राख्दा अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क स्पष्ट रूपमा राखिनेछ। अपाङ्गताको क्षेत्रमा काम गरिरहेका राष्ट्रिय/अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था तथा निजी क्षेत्रसँगको समेत

सहकार्यमा यस नीतिमा उल्लेख गरेका विषयहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

## १३. आर्थिक पक्ष

अपाङ्गता सम्बन्धी प्रादेशिक नीति, २०७९ कार्यान्वयनका लागि संघीय सरकारबाट प्राप्त र प्रदेश सरकारको स्रोत परिचालन गरिनेछ । साथै स्थानीय तह, विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी निकायहरूसँग साझेदारी तथा समन्वय गरी आर्थिक तथा प्राविधिक स्रोतहरू परिचालन गरिनेछ। अपाङ्गताको क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकाय र नेपाल सरकारका विभिन्न निकायबीचको आर्थिक तथा प्राविधिक सहकार्यमा जोड दिइनेछ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धिको प्रभावकारी कार्यान्वयन गराउन प्रदेश तहमा संयुक्त राष्ट्रसङ्घीय निकायहरूको संलग्नता बढाइनेछ । अपाङ्गताको दृष्टिकोणबाट दिगो विकासका लक्ष्य प्राप्तिका लागि यस नीतिलाई महत्वपूर्ण आधार बनाइनेछ र यस प्रदेशमा कार्यरत विकास साझेदार निकायहरूलाई अपाङ्गता क्षेत्रमा लगानी गर्न अभिप्रेरित गरिनेछ ।

अपाङ्गता भएका व्यक्तिको रोजगारी, सहायक समाग्री उत्पादन, पहुँचयुक्त पर्यटन, पहुँचयुक्त भौतिक संरचना निर्माण, पहुँचयुक्त यातायात व्यवस्थापन आदिमा निजी क्षेत्रको संलग्नता बढाइनेछ । अपाङ्गता भएका व्यक्तिका लागि सरकारी तथा गैर सरकारी क्षेत्रले प्रवर्द्धन गरेका विभिन्न प्रविधि र राम्रा अभ्यासहरूलाई थप विकास र विस्तार गरिनेछ ।

## १४. कानूनी व्यवस्था

यस नीति कार्यान्वयनका लागि आवश्यक कानूनी व्यवस्था मिलाइनेछ। प्रादेशिक अपाङ्गता अधिकार ऐन, नियमावली तथा आवश्यकतानुसार निर्देशिका एवम् कार्यविधि तर्जुमा गरी लागू गरिनेछ । यसको लागि अपाङ्गता सम्बन्धी क्षेत्र हेर्ने मन्त्रालयले समन्वय र सहजीकरणको भूमिका निर्वाह गर्नेछ।

१५. **<u>अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन</u>**

(क) यस नीतिको कार्यान्वयनको अवस्था अनुगमन गर्न र नीतिमा समसामयिक परिमार्जनका लागि आवश्यक अपाङ्गता सम्बन्धी सूचकहरू देखिने गरी प्रदेश र स्थानीय तहको एकीकृत विद्युतीय अपाङ्गता सूचना प्रणाली विकास गरी कार्यान्वयन गरिनेछ । आवश्यक सूचनाको वर्गीकरण गरी स्थानीय तहले नियमित रूपमा प्रविष्टि गर्ने प्रणालीको विकास गर्न सक्नेछन्।

(ख) सबै मन्त्रालय तथा निकायबाट आ-आफ्ना क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गर्दा अपाङ्गता सम्बन्धी नीतिको कार्यान्वयनलाई समेत समीक्षा गरिनेछ।

(ग) प्रदेश विकास तथा समस्या समाधान समितिको बैठकमा अपाङ्गता सम्बन्धी नीति कार्यान्वयनको समीक्षा गर्ने व्यवस्था मिलाइनेछ ।

(घ) यस नीतिको पुनरावलोकन पाँच वर्षमा गरिनेछ ।

(ङ) अपाङ्गता सम्बन्धी प्रदेशस्तरीय निर्देशन समितिले हरेक वर्ष वार्षिक नीति तथा कार्य प्रगतिको प्रतिवेदन तयार गरी सार्वजनिक गर्नेछ ।

१६. **<u>सम्भावित जोखिम न्यूनीकरण योजना</u>**

यस नीतिको प्रकृति र स्वरूप बृहत तथा साझा सरोकारको विषय भएकाले देहायका जोखिम हुन सक्ने अनुमान गरिएको छः-

(क) अपाङ्गता सम्बन्धी बुझाइमा विविधता हुन सक्ने,

(ख) नीति कार्यान्वयनमा आवश्यक ज्ञान क्षमतायुक्त र दक्ष जनशक्ति तथा स्रोत साधनको सीमितता हुन सक्ने,

(ग) अपाङ्गता सम्बन्धी विषय बहुपक्षीय सरोकार राख्ने विषय भएकाले समन्वय र सहयोगमा समस्या हुन सक्ने,

(घ) राज्यका विभिन्न निकायका बीच नीति कार्यान्वयनका लगि आफ्ना भूमिकामा अन्यौल र दोहोरोपना आउन सक्ने।

१७. **<u>जोखिम न्यूनीकरणका उपायहरू</u>**

(क) प्रदेश र स्थानीय तहको स्पष्ट भूमिका र जिम्मेवारी किटान गरी यस नीतिको कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

(ख) नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन योजना तर्जुमा गरी लागू गरिनेछ।

(ग) प्रदेश र स्थानीय तहमा समन्वय संयन्त्रको रूपमा सम्पर्क बिन्दुको व्यवस्था गरी क्षमता विकास गरिनेछ । अपाङ्गताको सवालमा दक्षता सहितको जनशक्ति विकास र परिचालन गरिनेछ।

(घ) अपाङ्गता सम्बन्धी मन्त्रालयमा विज्ञ, प्राज्ञ र व्यावसायिक दक्षता भएका व्यक्तिहरूको विज्ञ समूह (Think Tank) निर्माण गरी नीतिको अध्ययन एवम् विश्लेषण गरिनेछ।

आज्ञाले,
हेमराज सुवेदी
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय। मूल्य रु.५०।-